# रूपा गाउँपालिका

कास्की जिल्ला, गण्डकी प्रदेश, नेपाल

# रूपा गाउँपालिका राजपत्र

## गाउँ कार्यपालिकाद्वारा प्रकाशित

खण्डः ४ संख्याः ६ मितिः २०७७/०३/१४

भाग — १

## रूपा गाउँपालिका कास्कीको संस्था दर्ता तथा नविकरण सम्बन्धी ऐन, २०७७

प्रस्तावनाः

यस गाउँपालिका क्षेत्रभित्र सामाजिक आर्थिक साहित्यक बैज्ञानिक शैक्षिक बौद्धिक शारीरिक व्यवसायिक तथा परोपकारी संस्थाहरुको स्थापना तथा दर्ता गर्ने सम्बन्धमा व्यवस्था गर्न स्थानिय सरकार सञ्चालन ऐन, २०७४ परिच्छेद ३ को दफा ११ उपदफा ४ ठ ले दिएको अधिकार प्रयोग गरी गाउँसभाको मिति २०७७ असार ८ को निर्णयअनुसार देहायका नियमहरु बनाएको छ ।

१ -संक्षिप्त नामः.(१) यस ऐनको नाम रुपा गाउँपालिकाको संघ संस्था दर्ता तथा नविकरण सम्बन्धी ऐन २०७७ रहेको छ ।

(२) यो ऐन राजपत्रमा प्रकाशन भएको मितिदेखी लागु हुनेछ ।

२ परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा

(क) अध्यक्षः भन्नाले रुपा गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ ।

(ख) उपाध्यक्ष भन्नाले रुपा गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्दछ ।

(ग) कार्यालय भन्नाले रुपा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ

(घ) गाउँपालिका भन्नाले रुपा गाउँपालिका सम्झनु पर्दछ ।

(ङ) तोकिएको वा तोकिएबमोजिम भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा नतिकएबमोजिम भन्ने सम्झनु पर्दछ ।

(च) प्रमुख प्रशासकिय अधिकृत भन्नाले रुपा गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत लाई सम्झनु पर्दछ ।

(छ) संस्था भन्नाले सामाजिक आर्थिक साहित्यक बैज्ञानिक शैक्षिक बौद्धिक शारीरिक व्यवसायिक तथा परोपकारी कार्यहरुको विकास एवं विस्तार गर्ने उद्देश्यले स्थापना भएको संघ संस्था क्लव मण्डल परिषद केन्द्र समूह आदि सम्झनु पर्छ र सो शब्दले मैत्री संघ समेतलाई जनाउँछ ।

(ज) सम्बन्धित शाखा भन्नाले कार्यालयको प्रशासन शाखा वा सो कार्य गर्न तोकीएको शाखा सम्झनु पर्दछ ।

(झ) प्रवन्ध समिति भन्नाले संस्थाको विधान अनुसार गठन भएको प्रवन्ध समिति सम्झनु पर्दछ ।

३ दर्ता नगरी संस्था खोल्न नहुनेः यस ऐन बमोजिम दर्ता नगरी रूपा गाउँपालिका भित्र कसैले पनि संस्था स्थापना गर्न पाइने छैन ।

४ संस्थाको दर्ता र नविकरणः (१) संस्था स्थापना गर्न चाहने कुनै पनि सात ७ जना वा सो भन्दा वढी व्यक्तीहरूले अनुसूचि १ बमोजिमको ढाँचामा कार्यालयमा निवेदन दिनुपर्नेछ ।

(२) उपदफा १ बमोजिमको निवेदन प्राप्त भएपछि प्रमुख प्रशासकिय अधिकृतले आवश्यक जाँचबुझ गरी संस्था दर्ता गर्न उचित ठानेमा एक हप्ताभित्र तोकिएको शुल्क लिई संस्था दर्ता गरी प्रमाण पत्र दिईनेछ ।-

३ यस दफा अन्तर्गत दिईने प्रमाणपत्रको ढाँचा तथा अवधि अनुसुचि २ बमोजिम र दर्तानविकरण दस्तुर अनुसुचि ३ / बमोजिम हुनेछ ।

४ प्रत्येक संस्थाले आर्थिक वर्ष समाप्त भएको २ महिनाभित्र (६० दिनभित्र) नवीकरण गरिसक्नुपर्नेछ ।सो अवधि

नाघेपश्चात नवीकरण नगरेमा नविकरण शुल्कको २५ प्रतिशत थप रकम जरिवाना लिइनेछ सो समय भन्दा पछि ५० प्रतिशत थप शुल्क लिइनेछ ।

५ १ यस ऐन अन्तर्गत दर्ता -संगिठत संस्था मानिनेः .भएको प्रत्येक संस्था अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था हुनेछ । सो संस्थाको सबै कामको निमित्त आफ्नो छुट्टै छाप हुनेछ ।

(२) संस्थाले व्यक्ति सरह चल अचल सम्पति प्राप्त गर्न उपभोग गर्न र बेचविखन गर्ने अधिकार प्राप्त हुनेछ ।

(३) संस्थाले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न सक्नेछ र सो उपर पनि सोहि नामबाट नालिस उजुर लाग्नेछ ।

६. संस्थाको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले संस्थाको विधान विरूद्ध संस्थाको कुनै सम्पत्ति दुरूपयोग गरेमा, कब्जा गरेमा वा रोक्का राखेमा कार्यालयलाई त्यस्तो सम्पत्ति दुरूपयोग गर्ने, कब्जा गर्ने वा रोक्का राख्नेबाट जफत गरी संस्थालाई फिर्ता बुझाई दिनसक्नेछ ।

(२) उपदफा (१) बमोजिमको संस्थाको सम्पत्ति फिर्ता गर्ने गरि कार्यालयले गरेको कार्यवाहीमा चित्ता नबुझेमा चित्त नुझ्ने व्यक्तिले प्रचलित कानुनले तोके बमोजिम पुनरावेदन गर्न सक्नेछ ।

७. अघि दर्ता नभई स्थापना भएका संस्थाले दर्ता गर्नेः- यो ऐन प्रारम्भ हुन भन्दा अघि तत्काल प्रचलित कानुन बमोजिम दर्ता नभई स्थापना भई रहेका संस्थाले पनि यो ऐन प्रारम्भ भएको मितिले ३५ दिनभित्र यो ऐन बमोजिम दर्ता गराउनुपर्नेछ ।

८. संस्थाको उद्देश्यहरू हेरफेरः- (१) संस्थाको उद्देश्यहरूमा हेरफेर गर्न आवश्यक देखेमा वा संस्थालाई अन्य कुनै अर्को संस्थामा गाभ्न उचित देखेमा संस्थाको विधान बमोजिम साधारणा सभा बोलाउनु पर्नेछ ।

(२) साधारण सभामा उपस्थित भएका जम्मा सदस्य संख्याको दुई तिहाइ सदस्यहरूले प्रस्तावमा समर्थन जनाएमा सो प्रस्ताव साधारण सभाबाट पारित भएको मानिने छ तर सव प्रस्ताव लागु गर्न कार्यालयको पुर्व स्वीकृति लिनुपर्नेछ ।

९. हिसावको विवरण पठाउनुपर्नेः- प्रवन्ध समितिले सामाजिक परीक्षण गरि आफ्नो हिसाबको विवरण लेखापरीक्षकको प्रतिवेदन सहित प्रत्येक आर्थिक वर्ष समाप्ती भएका मितिले एक महिनभित्र कार्यालयमा पठाउनुपर्नेछ ।

१०. हिसाव जाँच गर्नेः- (१) कार्यालयले आवश्यक देखेमा संस्थाको हिसाब कार्यालयको अधिकारप्राप्त व्यक्तिबाट जाँच गराउन सक्नेछ ।

(२) हिसाव जाँच गर्ने अधिकारीले मागेको विवरण तथा कागजपत्रहरू वा सोधेको प्रश्नको जवाफ दिनु संस्थाको पदाधिकारी, सदस्य र कर्मचारीको कर्तव्य हुनेछ ।

(३) संस्थाले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न सक्नेछ र सो उपर पनि सोहि नामबाट नालिस उजुर लाग्नेछ ।

(४) हिसाब जाँच गर्ने अधिकारीले कार्यालयले तोकिएको म्यादभित्र हिसाब जाँचको प्रतिवेदन प्रमुख प्रशासकीय अधिकृतलाई पेश गर्नुपर्नेछ र सो प्रतिवेदनको आधारमा संस्थाको कुनै सम्पत्ति सो संस्थाको कुनै पदाधिकारी, सदस्य

वा कर्मचारिले हिनामिना गरेको, नोक्सान गरेको वा दुरूपयोग गरेको देखिन आएमा गाउँकार्यपालिकाको बैठकले सो को असुल उपर गर्न/गराउन आदेश दिनेछ ।

११. दण्ड सजायः- (१) दफा (३) बमोजिम कार्यालयमा दर्ता नगराई संस्था स्थपना गरेमा वा दफा ७ बमोजिम दर्ता नगरी संस्था संचालन गरेमा त्यस्ता संस्थाको प्रवन्ध समितिको सदस्यहरूलाई कार्यालयले जनही दश हजार रूपैयाँ सम्म जरिवाना गर्न सक्नेछ ।

(२) दफा (९) बमोजिम हिसाबको विवरण नपठाएमा प्रवन्ध समितिको सदस्यहरूलाई जनही तीन हाजर रूपैयाँसम्म जरिवाना गर्न सक्नेछ । तर कुनै सदस्यले दफा ९ उल्लंघन हुन नदिन सकभर प्रयन्त गरेको थियो भन्ने सन्तोषजनक प्रमाण पेश गर्न सकेमा निजलाई दण्ड सजाय गरिने छैन ।

(३) दफा (१०) को उपदफा (२) बमोजिम हिसाब जाँच गर्ने सम्बन्धित अधिकारी वा पदाधिकारीले मागेको विवरण तथा कागजपत्रहरू वा सोधेको प्रश्नको जवाफ नदिन

सम्बन्धित पदाधिकारी, सदस्य वा कर्मचारीलाई कार्यालयले एक हजार रूपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

(४) दफा (८) बमोजिम कार्यालयको पुर्व स्वीकृति नलिई संस्थाको उद्देश्यमा हेरफेर गरेमा वा अर्को संस्थासँग गाभोमा वा संस्थाले आफ्नो उद्देश्यको प्रतिकुल हुनेगरि काम कारवाहि गरेमा र कार्यालयले दिएको निर्देशन पालना नगरेमा कार्यालयले त्यस्तो संस्थाको दर्ता निलम्वन वा खारेज गर्न सक्नेछ ।

१२. पुरावेदनः- दफा (१) बमोजिम कार्यालयले गरेको अन्तिम निर्णय उपर ३५ दिन भित्र प्रचलित कानूनले तोकिएको अदालतमा पुनरावेदन लाग्नेछ ।

१३. संस्थाको विघटन र त्यस्को परिणामः- (१) संस्थाको विधान बमोजिम कार्यसंचालन गर्न नसकी वा अन्य कुनै कारणवश संस्था विघटन भएमा त्यस्तो संस्थाको जायजेथा यस कार्यालयमा सर्नेछ ।

(२)उपदफा (१)बमोजिम विघटन भएको संस्थाको दायित्वको हकमा संस्थाको जयाजेथाले थामेसम्म त्यस्तो दायित्व गाउँ कार्यपालिकाले व्यहोर्नेछ ।

१४. नियम बनाउने अधिकारः- यस ऐनको कार्यन्वयन गर्न गाउँ कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

१५. अधिकार प्रत्यायोजनः- यो ऐन वा यस ऐन  अन्तर्गत बनेको नियमको कार्यन्वयनको लागि प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतस्तरको कर्मचारी अधिकारको प्रत्यायोजन गर्न सकिनेछ ।

१६. अन्य नेपाल ऐन बमोजिम दर्ता वा स्थापना गर्नुपर्नेः- कुनै संस्थाको दर्ता वा स्थापना गर्ने सम्वन्धमा अर्को नेपाल ऐन मा छुट्टै व्यवस्था भएकोमा यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि त्यस्तो संस्था सोहि ऐन बमोजिम दर्ता वा स्थापना गर्नुपर्नेछ ।

१७. खारेजी र बचाउः- (१) संघीय वा प्रादेशिक व्यवस्थापिकाले निर्माण गरेको कानुन विपरीत भएका दफा सोही अनुसार खारेज वा परिमार्जन हुने छ ।

(२)यस कानुनलाई प्रतिस्थापन हुन गरि अर्को कानुन बनेर लागु नभएसम्म यसै कानुन अनुसार भए गरेको मानिनेछ ।

# अनुसूची १

## दफा (४) सँग सम्बन्धित

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू
रुपा गाउँ कार्यपालिकाको कार्यालय, कास्की ।

विषयः संस्था दर्ता गरिपाउँ ।

महोदय

प्रस्तुत विषयमा तपशिल बमोजिमका विवरण तथा कागजातहरू संलग्न गरि संस्था दर्ताको लागि यो निवेदन पेश गरेको छु ।

तपशिल

१. संस्थाको नामः
२. संस्थाको कार्यालय रहने स्थान तथा ठेगानाः

संलग्न कागजातहरू

१. संस्थाको विधान ।
२. वडा कार्यलयको सिफारिस ।
३. सञ्चालनक समितिको पदाधिकारीहरू प्रतयेकको नागरिकताको प्रतिलिपि र पासपोर्ट साइजको फोटो २ प्रति ।
४. संस्थाको छापको नमूना ।
५. लेटर प्याडको नमुना ।
६. निवेदकनामः
७. अध्यक्षः
८. हस्ताक्षरः
९. मितिः

रुपा गाउँपालिका
**Rupa Rural Municipality**
गाउँ कार्यपालिकाको कार्यालय
**Office of the Rural Municipal Executive**
रुपाकोट, कास्की
**Rupakot, Kaski**
गण्डकी प्रदेश, नेपाल
**Gandaki Province, Nepal**

दर्ता नं:

संस्थाको छाप

**संस्था दर्ता-प्रमाणपत्र**

श्री ........................................................

................................................... ।

प्रस्तुत विषयमा तपाईलाई **रुपा गाउँपालिकाको संघ संस्था दर्ता तथा नवीकरण सम्बन्धी ऐन २०७७** को दफा(४) बमोजिम यो प्रमाणपत्र प्रदान गरिएको छ । प्रचलित कानुनको परिधिमा रही सार्वजनिक हितमा आफ्ना गतिविधिहरू संचालन गर्नुहुन गाउँकार्यपालिकाको कार्यालय हार्दिक अनुरोध गर्दछ ।

| | |
|---|---|
| संस्थाको नाम | |
| संस्थाको अध्यक्षको नाम | |
| कार्यक्षेत्र | |
| संस्थाको ठेगाना | |

प्रमाणपत्र जारी गर्नेको

हस्ताक्षरः

पदः

नामः

मितिः

कार्यालयको छाप

# अनुसूची ३

दफा (४) सँग सम्बन्धित

| सि.नं. | संस्थाको प्रकार | शुल्क |
|---|---|---|
| १. | गैसस (राष्ट्रिय) | रू १०००/- |
| २. | गैसस (अन्तराष्ट्रिय) | रू ५०००/- |
| ३ | नविकरण प्रतिबर्ष | रु ५००। |

आज्ञाले
प्रमुख प्रशासकीय अधिकृत